नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१
४२००२८६

पत्र संख्या :-०७५/७६
चलानी नं: ४०६

मितिः २०७५।५।२६

विषय :- मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,

प्रस्तुत विषयमा नेपाल सरकार अन्तर्गतका विभिन्न निकाय वा आयोजनामा अस्थाई तथा करारमा कार्यरत जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद् को मिति २०७५।५।३ को निर्णय यसै साथ संलग्न छ । संलग्न नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको बुदा नं. ६ मा **"नेपाल सरकारको तर्फबाट संचालीत आयोजना तथा कार्यक्रमहरुमा नियुक्त स्थायी, अस्थायी वा करार तर्फका कर्मचारीहरुलाई उक्त आयोजना तथा कार्यक्रम जुन तहमा हस्तान्तरण भएको छ सोही तहमा साविक"** बमोजिमनै कार्य गर्ने गरी हस्तान्तरण गरी कामकाज गर्ने व्यवस्था सम्बन्धित मन्त्रालयले मिलाउने भन्ने रहेको ।

यसै सन्दर्भमा यस मन्त्रालय अन्तर्गत विभिन्न आयोजनाहरुमा कार्यरत खानेपानी तथा सरसफाई टेक्निसियन र महिला कार्यकर्ता पदमा कार्यरत रही गत आ.व. २०७४।०७५ देखिनै कामकाज गर्दै आएकोमा त्यस्ता आयोजना/कार्यक्रम विभिन्न स्थानीय तहमा हस्तान्तरण भै मन्त्रालयको निर्णय तथा साविक जिल्ला कर्मचारी व्यवस्थापन समितिको सिफारिसमा विगत एक वर्ष देखिनै विभिन्न स्थानीय तहमा कामकाज गर्न आवश्यक व्यवस्था मिलाउन सबै जिल्ला समन्वय समितिलाई अनुरोध गरीसकेकोले नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णय समेतको आधारमा यसरी खटीएका र खटाउन बाँकी कर्मचारीहरुलाई साविकको सेवा शर्त बमोजिम कार्यक्रम हस्तान्तरण भएको गाउँपालिका, नगरपालिका बाट नेपाल सरकारबाट उपलब्ध वित्तीय हस्तान्तरण/अनुदान तथा आन्तरिक श्रोत समेतबाट श्रोत व्यवस्थापन हुने गरी कर्मचारी व्यवस्थापन गर्नु/गराउनु हुन नेपाल सरकार(सचिव स्तरीय) मिति २०७५।५।२६ को निर्णयानुसार अनुरोध छ ।

(आनन्द देव सुवेदी)
शाखा अधिकृत

**बोधार्थ:**

**सम्बन्धित स्थानीय तह** :- यसै बमोजिम व्यवस्था गर्नु/गराउनु हुन ।